AMNESTY INTERNATIONAL

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०७८ चैत्र ४ गते

**!!! सर्कुलर ३ !!!**

## विषय : ३० औं साधारणसभामा सहभागिताका लागि महत्त्वपूर्ण जानकारीहरूका सम्बन्धमा ।

आदरणीय एम्नेस्टी इन्टरनेसनल नेपालको तीसौं साधारण सभामा सहभागी हुने सबै समूह/युथ नेटवर्क तथा निर्माणाधीन समूहका प्रतिनिधि र पर्यवेक्षक तथा समर्थक सदस्य प्रतिनिधिहरू,

एम्नेस्टी इन्टरनेसनल नेपालको ३० औं साधारण सभा (30th AGM) **मिति २०७८ साल चैत्र १८ र १९ (अप्रिल १ र २) गते धुलिखेल, काभ्रेपलाञ्चोकमा** आयोजना हुने स्थान, सचिवालयको कार्यालय रहने स्थान र सम्पर्क विवरण तपसिल बमोजिम रहेको व्यहोरा जानकारीका लागि यो पत्र प्रेषित गरिएको छ।

एम्नेस्टी इन्टरनेसनल नेपालको ३० औं साधारण सभा (30th AGM) को उद्घाटन सत्र **२०७८ चैत्र १८ गते दिउँसो १** बजे आयोजना हुनेछ । तसर्थ त्यस समूह र युथ नेटवर्क तथा निर्माणाधीन समूहहरूबाट आउनुहुने प्रतिनिधि/पर्यवेक्षक तथा समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गरी आउनुहुने प्रतिनिधिहरूलाई **२०७८ चैत्र १८ गते मध्यान्ह १२.३०** बजेभित्र धुलिखेल लज रिसोर्ट, धुलिखेल, काभ्रे आइपुग्ने गरी आफ्नो यात्राको योजना बनाउनका लागि अनुरोध गरिन्छ।

### १. सचिवालय रहने स्थान

धुलिखेल लज रिसोर्ट, धुलिखेल, काभ्रे

काठमाडौं बाहिरबाट काठमाडौं आउनुहुने सहभागीहरूले कलंकीबाट नै धुलिखेल जाने बस चढ्न सक्नुहुनेछ। त्यस्तै माछापोखरी, नयाँ बसपार्क, गोंगबु, महाराजगंज, चाबहिल, गौशाला, कोटेश्वर, बल्खु तथा रत्नपार्कको वीर अस्पताल अगाडि वा माइतीघरबाट पनि धुलिखेल जाने बसमा चढ्न सकिनेछ। काठमाडौंबाट बनेपा हुँदै धुलिखेल पुग्न बसमा सामान्यतया डेड दुई घण्टाको समय लाग्दछ। धुलिखेल जाँदा धुलिखेल चोक नपुग्दै वा बिपि राजमार्ग सुरू हुने ठाउँको उत्तरतर्फ (जसको बाँयातर्फ टिपर पार्किङ्ग पनि रहेको छ) विपरीतबाट ओरालो लाग्नुपर्नेछ। जहाँ धुलिखेल लज रिसोर्ट लेखेको बोर्ड बाटैबाट देख्न सकिनेछ। त्यस्तै पूर्वबाट सिन्धुलीको बाटो काठमाडौं आउँदा धुलिखेल चोकबाट थोरै अगाडि दाँयातर्फ टिपर पार्किङ्ग भएको ठाउँ तथा अरनिको राजमार्गको पारीपटिबाट ओरालो लाग्नुपर्नेछ। आवश्यक परेमा थप सम्पर्कका लागि निम्नानुसारको फोन नम्बरमा होटलमा सम्पर्क गर्नुहोला। फोन नं. ०११४९०११४, ४९००४३

### २. आवास तथा खानाको व्यवस्था

समूह/युथ नेटवर्क तथा निर्माणाधीन समूह र समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गरी आउनुहुने सबै सहभागीहरूको लागि २०७८ चैत्र १८ गतेको उद्घाटन पछिको हाइटि र डिनर सहितको आवास तथा १९ गतेको फुलबोर्ड अर्थात ब्रेकफास्ट, लन्च र डिनरसहितको आवासको व्यवस्था धुलिखेल लज रिसोर्ट र आसपासका अन्य होटलहरूमा गरिनेछ। सो अघि, पछिका खाना र आवासको प्रवन्ध सहभागी आफैंले गर्नुपर्ने व्यहोरा यसैसाथ अनुरोध छ। आवासका लागि होटल

व्यवस्थापनले प्रत्येक सहभागीलाई पुरुष/पुरुष र महिला/महिला गरेर ट्वीन सेयरिङ्ग बेसिसमा कोठाहरू उपलब्ध गराउने छ। माथि तोकिएभन्दा बाहेकका खाना, खाजा र पेय पदार्थहरूको भुक्तानी सहभागी स्वयंले गर्नुपर्नेछ।

स्मरण रहोस् सहभागीहरूको सङ्ख्या धेरै हुने भएकोले सबै प्रतिनिधि/पर्यवेक्षकहरूलाई एउटै होटलमा आवासको व्यवस्था गर्न असम्भव हुने भएकोले आवासको प्रवन्ध फरक फरक होटलमा होटल व्यवस्थापनले व्यवस्था गरेअनुसार हुनेछ। यसमा कसैलाई कुनै होटल र कसैलाई अन्य कुनै होटल पर्न जाने र कुनै होटलको सुविधा अर्को होटलको भन्दा सामान्य तलमाथि हुन सक्ने कुरालाई आत्मसात गरिदिन र यसै विषयमा अनावश्यक विवाद, आग्रह, गुनासो र तर्क नगरिदिनु हुन सबै सहभागीहरूलाई अग्रिम अनुरोध गरिन्छ। सकेसम्म राम्रो व्यवस्था गर्ने प्रयत्न हुनेछ र यति हुँदा हुँदै पनि केही तलमाथि हुन गएमा र यसबाट यहाँहरूमा असामान्य असुविधा पुग्न गएमा हामी अग्रिम क्षेमायाचना गर्दछौं।

### ३. कार्यक्रमस्थल

साधारण सभाको उद्घाटन सत्र र बन्दसत्र धुलिखेल स्थित धुलिखेन नगरपालिकाको सभा हलमा हुनेछ । धुलिखेल लज रिसोर्टबाट हिँडेर १० देखि १५ मिनेटमा यहाँ पुग्न सकिनेछ। संभव भएसम्म होटेलले यातायातको साधनको व्यवस्था गर्ने पनि जनाएको छ।

### ४. सहभागीहरूको नामदर्ता

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह/युथ नेटवर्क तथा निर्माणाधीन समूहका प्रतिनिधि तथा पर्यवेक्षक र समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गरी आउनुहुने प्रतिनिधिहरूको नामदर्ता २०७८ चैत्र १८ गते दिउँसो २:३० बजेसम्म (बन्द सत्र प्रारम्भ हुने समयभन्दा १५ मिनेट अघि) मात्र गरिने भएकोले सम्पूर्ण सहभागीहरूले साधारण सभा स्थल धुलिखेल नगरपालिकाको सभा हलमा उपस्थित भई उक्त समयभित्र आफ्नो नाम दर्ता गराइसकेको हुनुपर्नेछ। नाम दर्ताको लागि सचिवालयको टोली सभा हलमा बिहान १० बजेदेखि स्ट्याण्डबाइ रहने व्यहोरा अनुरोध छ। २०७८ चैत्र १८ गते दिउँसो २:३० बजे भन्दा पछाडि आउनुहुने प्रतिनिधि तथा पर्यवेक्षकहरूको साधारण सभामा सहभागिता नरहने यसैसमेत जानकारी गराइन्छ।

### (५) पर्यवेक्षक वा स्वयंसेवकका रूपमा थप सहभागी गराउन नसकिने

साधारण सभामा कुनै पनि समूह वा युथ नेटवर्कबाट तोकिएका प्रतिनिधि, पर्यवेक्षक वा स्वयंसेवकका रूपमा सहभागी हुने सहभागीहरू भन्दा थप व्यक्तिलाई सहभागी गराउन नसकिने व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ।

### (६) मदिरापान गरी हुलहुज्जत गर्न तथा अन्य अवाञ्छित गतिविधिहरू गर्न नहुने

साधारण सभालाई सभामा सहभागी सबैका लागि आ-आफ्नो विचार, भावना र सोच अभिव्यक्त गर्न तथा निर्णयाधिकार प्रयोग गर्न एकदमै "सेफ स्पेस" बनाउनु सभामा सहभागी हुने प्रत्येक व्यक्तिको कर्तव्य हुने भएकोले एकआपसमा सौहार्दपूर्ण, सम्मानित र मर्यादित व्यवहार गर्न तथा कसैमाथि कुनै पनि खालको आपत्तिजनक प्रतिक्रियात्मक, लाक्षणिक वा सङ्केतात्मक अभिव्यक्ति वा व्यवहार नगर्न अनुरोध छ । दुर्व्यवहारजन्य वा यौनिक हैरानी (sexual harassment) जन्य हुन सक्ने कुनै पनि बोली, व्यवहार र आचरण गरेको पाइएमा प्रचलित कानुनबमोजिम हुनेछ। यसै इमेलसाथ समावेश गरिएको एम्नेस्टी इन्टरनेसनलको यौन दुर्व्यवहारविरुद्धको नीतिलाई गम्भीरताका साथ अध्ययन गर्न यसैसाथ अनुरोध गरिन्छ।

### (७) मौसम र हावापानी

चैत्र महिना भएकोले धुलिखेलको मौसम यस समय सुख्खा र गर्मी हुनेछ। बिहानको समयमा केही चिसो हुने भएकोले सामान्य खालको विन्डचिटर ज्याकेट ल्याउँदा राम्रै हुनेछ। हावाहुरीको समय भएकोले सोहीअनुसारको सतर्कताहरू अपनाउनुहोला।

**(८) बहुमूल्य सरसामानको आफैं हेरचाह गर्नुपर्ने**

साधारण सभामा सहभागी हुन आउँदा हिरा, सुन र अन्य महङ्गा र बहुमूल्य गरगहना र सरसामान तथा नगद लिएर नआउनुहोला। आफूसँग भएको नगद, मोबाइल, कम्प्युटर, ल्यापटपलगायत सामग्रीको आफैं जतन र हेरचाह गर्नुहोला। कुनै पनि सामान हराएमा वा टुटफुट भएमा स्वयं आफैं जिम्मेवार हुनुपर्नेछ।

**(९) स्वास्थ्यसम्बन्धी मापदण्डहरू पालना गर्नुपर्ने**

कोभिड महामारीमा केही कमी आएको भएपनि यो पूर्ण रूपमा नियन्त्रणमा नआइसकेकोले यात्राको क्रममा र सभा स्थलमा स्वास्थ्यसम्बन्धी सबै मापदण्डहरूलाई जिम्मेवारी पूर्वक पालना गर्नुहोला। खासगरी मास्कको प्रयोग अनिवार्य गर्नुहोला।

**(१०) यातायातको भुक्तानीसम्बन्धी व्यवस्था**

एम्नेस्टी नेपालले सहभागीहरूलाई उपलब्ध गराउने यातायात खर्च नेपाल सरकारले तोकेको सार्वजनिक यातायात (बस) भाडाको न्यूनतम दरबमोजिम मात्र उपलब्ध गराइने छ। सार्वजनिक यातायात (बस) भन्नाले चलनचल्तीको रुटको बस, मिनिबस वा माइक्रोबसलाई बुझिनेछ। यस प्रयोजनका लागि स्थानीय सवारी साधन खर्चहरू जस्तैः ट्याक्सी, रिक्सा, टेम्पो, पठाओ लगायतका भाडा भने उपलब्ध गराइने छैन।

धन्यवाद,

अलिना गौतम
एड्मिन एण्ड फाइनान्स म्यानेजर
एम्नेस्टी इन्टरनेसनल नेपाल